# धनुषा जिल्ला अदालत

## प्रशासन शाखा

## सूचना

मिति २०८०।११।१।३

नेपाल सम्वत ११४४ सिल्लाथ्व ४ मंगलबार

विषयः बाल मनोविज्ञ वा बाल विशेषज्ञ तथा समाजसेवीको दरखास्त आव्हान सम्बन्धी सूचना।

प्रस्तुत विषयमा बाल न्याय सम्न्धी कार्य तथा सेवा प्रवाह गर्नका लागि बालिकालिका सम्बन्धी ऐन, २०७५ को दफा ६२ को उपदफा (१) बमोजिम समाजसेवी तथा बाल मनोविज्ञ वा बाल विशेषज्ञको नामावली सूचिकृत गर्ने प्रयोजनार्थ बाल न्याय सम्पादन कार्यविधि नियमावली, २०७६ को नियम १३ ले समाजसेवी र सो को नियम १४ अनुसार बाल मनोविज्ञ वा बाल विशेषज्ञको रोस्टर खडा गर्नुपर्ने भएकोले देहायको योग्यता पुगेका र स्थानीय बाल अधिकार समक्ष तोकिए बमोजिम सूचिकृत भएका व्यक्तिहरुले आफ्नो शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि र १ प्रति फोटो समेत संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस अदालतमा दर्खास्त दिनको लागि सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

आवस्यक न्यूनतम योग्यताः

१. बालमनोविज्ञ वा बाल विशेषज्ञ

क. मान्यता प्राप्त विश्व विध्यालयबाट मनोजिज्ञान विषय लिई कम्तीमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरेको वा,

ख. मान्यता प्राप्त विश्व विद्यालयबाट कुनै पनि विषयमा स्नातक तह वा सो सरहको उपाधी प्राप्त गरी बाल अधिकार वा बाल मनोविज्ञानको सम्बन्धमा कम्तिमा २ महिनाको तालिम प्राप्त गरेको।

ग. फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको।

२. समाजसेवी

क. मान्यता प्राप्त विश्व विध्यालयबाट सामाजिक कार्य बालबिकास वा बाल अधिकारको विषय लिई कम्तिमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरेको वा,

ख. ख.मान्यता प्राप्त विश्व विध्यालयबाट कुनै पनि विषयमा कम्तिमा स्नातक तह वा सो सरहको उपाधी प्राप्त गरी बाल अधिकार वा समाज सेवाका सम्बन्धमा कम्तिमा १ महिनाको तालिम प्राप्त गरेको र

ग. फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको।

२०८०।११।१।३

डम्बर प्रसाद घिमिरे

शाखा अधिकृत